



# स्याहार व्यवस्थापन:

## व्यक्ति र परिवार सदस्यहरूको लागि बारम्बार सोधिने प्रश्नहरू

---

### स्वास्थ्य गृह स्याहार व्यवस्थापन भनेको के हो?

स्वास्थ्य गृह स्याहार व्यवस्थापन (Health Home Care Management) भनेको थप विकल्पहरू, बृहत लचिलोपना र उत्कृष्ट नतिजाहरू उपलब्ध गराउनको लागि विकासात्मक असक्षमता सेवा तथा सहायताहरूलाई स्वास्थ्य तथा कल्याण सेवासँग सम्मिलित गर्न स्याहार समवन्य गर्ने तरिका हो।

स्वास्थ्य गृह स्याहार व्यवस्थापन स्याहार संयोजन संस्थाहरू (CCOs) द्वारा उपलब्ध गराइनेछ।

### CCO भनेको के हो?

CCO हरू भनेका विद्यमान असक्षमता सेवा प्रदायकहरूद्वारा निर्माण गरिएका संस्थाहरू हुन्। यी नयाँ संस्थाहरू विकासात्मक असक्षमताहरूको क्षेत्रमा प्रशिक्षण र अनुभवसँग स्याहार व्यवस्थापकहरूद्वारा भरिनेछ।

### स्याहार व्यवस्थापक भनेको के हो?

स्याहार व्यवस्थापक भनेको एउटा व्यक्ति हो जसले तपाईंलाई तपाईंको जीवन योजना सिर्जना गर्न तपाईंसँग कार्य गर्नुहुनेछ। तपाईंको स्याहार व्यवस्थापकले तपाईंका सबै सेवा आवश्यकताहरूको योजना बनाउन एउटा स्थान उपलब्ध गराउँदै विकासात्मक असक्षमता भएका मानिसको कार्यालय (OPWDD), स्वास्थ्य विभाग र मानसिक स्वास्थ्य कार्यालय सहित प्रणालीहरूमा सेवाहरूलाई संयोजन गर्नेछ।

### जीवन योजना भनेको के हो?

जीवन योजनाले तपाईंको जीवनको लक्ष्य र परिवर्तनशील आवश्यकताहरूलाई प्रतिबिम्बित गर्छ। तपाईंको स्याहार व्यवस्थापकले तपाईंका चाहना र आवश्यकताहरूमा आधारित रहेर योजना सिर्जना गर्न तपाईंसँग कार्य गर्नुहुनेछ। तपाईंको जीवन योजनामा तपाईंको विकासात्मक असक्षमतासँग सम्बन्धित सहायता र चिकित्सा, दन्त र मानसिक स्वास्थ्य जस्ता तपाईंका अन्य सेवाहरू समावेश हुनेछन्। यसलाई नियमित रूपमा समीक्षा गरिन्छ र आवश्यक भएमा अद्यावधिक गरिन्छ।

### के मलाई स्वास्थ्य गृह स्याहार व्यवस्थापनमा सहभागी हुन आवश्यक छ?

तपाईंले स्वास्थ्य गृह स्याहारद्वारा उपलब्ध गराइने थप विस्तृत स्याहार व्यवस्थापन प्राप्त गर्नुहुन्न भने, तपाईंले आधारभूत गृह तथा समुदायमा आधारित सेवाहरू (HCBS) योजना सहायता प्राप्त गर्ने विकल्प बारे आफ्नो सेवा संयोजकसँग कुरा गर्न सक्नुहुन्छ। आधारभूत HCBS योजना सहायता CCO द्वारा पनि उपलब्ध गराइनेछ तर यो एकदमै न्युनतम संयोजन विकल्प हुनेछ र यसमा स्वास्थ्य स्याहारको संयोजन वा मानसिक स्वास्थ्य सेवाहरू समावेश हुनेछैनन्। आधारभूत HCBS योजना सहायतासँग, तपाईंका सेवाहरू संयोजन गर्ने व्यक्तिसँग तपाईंको सम्पर्क सीमित हुनेछ।

### के म मेरा आफ्नै सेवा र प्रदायकहरू छनोट गर्न सक्षम हुनेछु?

हुनुहुनेछ, तपाईं आफ्ना सेवा र प्रदायकहरू छनोट गर्न जारी राख्नुहुनेछ। CCO भित्र,तपाईंको स्याहार व्यवस्थापक सहित पेशेवरहरूको टोली तपाईंको विकासात्मक असक्षमता र/वा दीर्घकालीन स्याहार सेवाहरू साथसाथै तपाईंका चाहना र आवश्यकताहरूमा आधारित रहेर अन्य प्रकारका सेवाहरूलाई संयोजन गर्न तपाईंसँग कार्य गर्नुहुनेछ। तपाईं आफ्नो क्षेत्र र आफ्नो सेवा प्रदायकहरूकोमा CCO रोज्न सक्षम हुनुहुनेछ।

### मैले स्याहार व्यवस्थापन प्राप्त गर्नको लागि CCO मा कसरी नामांकन गर्ने?

तपाईंको OPWDD फ्रन्ट डोर सम्पर्कले तपाईंलाई तपाईंको क्षेत्रमा उपलब्ध भएका CCO हरू बारे जानकारी प्रदान गर्नेछ। तपाईंले रोज्नुभएको CCO ले तपाईंको नामांकनमा सहायता गर्नेछ। तपाईंलाई स्वास्थ्य स्याहार व्यवस्थापन र आधारभूत HCBS योजना सहायता बीच छनोट गर्न पनि आवश्यक पर्नेछ।

## मेरो योजनामा कसले पहुँच गर्नेछ र मेरो व्यक्तिगत जानकारीलाई कसरी संरक्षित गरिनेछ?

CCO हरूलाई तपाईंको स्याहारमा संलग्न भएका सेवा प्रदायकहरूलाई लिङ्क गर्ने र तपाईं र तपाईंको स्याहार टोलीमा पहुँचयोग्य हुने तपाईंको स्वास्थ्य जानकारी र जीवन योजनालाई अनुमति दिन विद्युतिय स्वास्थ्य रेकर्ड प्रणाली हुन आवश्यक पर्नेछ। सबै CCO हरूले तपाईंको व्यक्तिगत स्वास्थ्य जानकारीलाई सुरक्षा गर्न कडा सुरक्षा प्रोटोकलहरूको पालना गर्नुपर्छ।

## के मैले एकपटक CCO छनोट गरेपछि मेरो विचार परिवर्तन गर्नसक्छु?

तपाईंले छनोट गर्नुभएको CCO द्वारा उपलब्ध गराइएको स्याहार व्यवस्थापनसँग तपाईं खुशी हुनुहुन्न भने, तपाईंले CCO मा अर्को स्याहार व्यवस्थापकलाई छनोट गर्न सक्नुहुन्छ र/वा तपाईंले प्राप्त गर्ने सेवाको स्तरलाई परिवर्तन गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो क्षेत्र भित्रमा विभिन्न CCO पनि छनोट गर्न सक्नुहुन्छ।

## CCO ले मेरा सेवाहरूलाई परिवर्तन गर्ने वा मलाई थोरै सेवाहरू दिने निर्णय गर्नुहुन्छ भने के हुनेछ?

CCO ले सेवाहरूको अधिकार दिनेछैन र तसर्थ, स्वयम् निर्देशित सेवाहरू सहित तपाईंका सेवाहरूलाई हटाउन वा सीमति गर्न सक्षम हुनेछैन। तपाईंले आफ्नो स्याहार टोलीसँगको साझेदारीमा आफ्ना चाहना र आवश्यकताहरूमा आधारित रहेर तपाईंले प्राप्त गर्नुभएका सहायता र सेवाहरूलाई पहिचान गर्नुहुनेछ। OPWDD क्षेत्रिय कार्यालयहरूले सहायता र सेवाहरूमा अधिकार प्रदान गर्न जारी राख्नेछन्।

## के स्वास्थ्य गृह स्याहार व्यवस्थापन व्यवस्थित स्याहारको प्रकार हो?

होइन, स्वास्थ्य गृह स्याहार व्यवस्थापनलाई व्यवस्थित स्याहारसँग अस्पष्ट गर्नु हुँदैन। व्यवस्थित स्याहारलाई OPWDD प्रणालीमा विकास हुनको लागि धेरै वर्ष लाग्नेछ र भविष्यको मितिमा प्रस्ताव गरिनेछ।

| स्वास्थ्य गृह हेरविचार व्यवस्थापन को तुलनामा आधारभूत HCBS योजना सहायता | स्वास्थ्य गृह हेरविचार व्यवस्थापन | आधारभूत HCBS योजना सहायता |
|---|---|---|
| स्याहार योजना विकास गर्छ र अर्द्धवार्षिक रूपमा समीक्षा गर्छ | ■ | ■ |
| स्वास्थ्य र सुरक्षालाई निरीक्षण गर्छ | ■ | ■ |
| व्यवहारात्कक स्वास्थ्य सेवाहरूको पहुँचमा समन्वय गर्दछ, | ■ | |
| चिकित्सा, र दन्त सेवाहरूको पहुँचमा समन्वय गर्दछ, | ■ | |
| समुदाय आधारित संसाधनहरूको पहिचान गर्दछ, | ■ | |
| सेवाहरूलाई लिंक गर्नका लागि प्रविधि प्रयोग गर्दछ, | ■ | |
| तपाईंका स्याहार प्रदायकहरूलाई जोड्छ | ■ | |
| परिवारबाट प्रणालीहरू नेविगेट गर्ने कार्यभार लिन्छ। | ■ | |
| भविष्यका आवश्यकताहरूलाई पूर्वानुमान गर्छ | ■ | |

NEW YORK STATE OF OPPORTUNITY. | Office for People With Developmental Disabilities

22219